# केहि प्रदेश ऐनको साविकको व्यवस्था जगाउने ऐन, २०८१

**प्रमाणीकरण मिति**
२०८१।०५।१६

**संवत् २०८१ सालको ऐन नं. ३**

**<u>केहि प्रदेश ऐनको साविकको व्यवस्था जगाउने ऐन, २०८१</u>**

**प्रस्तावना:** केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८० बाट संशोधन वा खारेज गरिएको केही प्रदेश ऐनको व्यवस्थालाई जगाई साविकको व्यवस्था कायम गर्न वाञ्छनीय भएकोले,

कोशी प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "केही प्रदेश ऐनको साविकको व्यवस्था जगाउने ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **<u>संशोधन वा खारेज भएका ऐनको व्यवस्था जागेको मानिनेः</u> नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम सम्वत् २०८० साल माघ ६ मा जारी भई** यो ऐन प्रारम्भ हुनुअघि खारेज भएको "केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८०" बाट देहायका ऐनमा भएको संशोधन वा खारेज भएको व्यवस्थाको सम्बन्धमा सो अध्यादेश खारेज भएको मितिबाट त्यसरी संशोधन वा खारेज हुनुभन्दा अघि कायम रहेको साविकको व्यवस्था स्वतः जागेको मानिनेछः-

(क) प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५,

(ख) कोशी प्रदेश वातावरण संरक्षण ऐन, २०७६,

(ग) प्रदेश सहकारी ऐन, २०७६,

(घ) प्रदेश भवन ऐन, २०७६,

(ङ) सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६,

(च) कोशी प्रदेश जनस्वास्थ्य ऐन, २०७७,

(छ) कोशी प्रदेश प्रदेश वन ऐन, २०७७,

(ज) प्रदेश निजामती सेवा ऐन, २०७९।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश